# नारायणी डेभलपमेन्ट बैंक लिमिटेड
## शाखा कार्यालय भरतपुर चितवनका
## तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८०/११/३० गते बुधबार नागरीक राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि क्रमशः मिति २०८०/०४/१४ गते आइतबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा मिति २०८०/०५/२२ गते शुक्रबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र पुनः मिति २०८०/०६/०९ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय, भरतपुर वा बैकको केन्द्रिय कार्यालय रत्ननगर-०१, टाँडी, चितवनमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८०/१२/२९ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रीय कार्यालय, रत्ननगर-०१, चितवनमा दिनको ठीक २:०० ( दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**१.ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश भरतपुर, चितवन, नेपालमा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम मिति २०७९/०२/३० मा दर्ता भई लघु उद्यम दर्ता नं. ११५९/०७८/०७९ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुरबाट मिति २०७७/०४/२३ मा ६१३४८५१७५ नं. को स्थायी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ११ स्थित रजिर्ष्टड ठेगाना रहेको **शिला फेन्सी एण्ड कस्मेटिक (प्रोपाइटरः शिला बराल तमाङ्ग)**

| **धनजमानतकर्ता / प्रोपाइटर :** | **जमानतकर्ता :** |
|---|---|
| नाम : शिला बराल तमाङ | नम : आदेश बराल |
| (ना.प्र.नं. ७५२०२०/१४५३, जारी मितिः २०६८/०३/१४, जि.प्र.का. कञ्चनपुर) | (ना.प्र.नं. ३५३०३१/१९२, जारी मिति २०६३/१०/२९, जि.प्र.का. चितवन) |
| स्थाई ठेगाना : कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ९ | स्थायी ठेगाना : गुञ्जानगर - २, चितवन |
| हालको ठेगानाः चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ११ | हालको ठेगाना : भरतपुर म.न.पा वडा नं. २५, मघौली टोल, चितवन |
| बाबु : इन्द्र बिलास बराल | बाबु : इन्द्रविलास बराल |
| ससुरा : शुक बहादुर तमाङ | बाजे : हेमलाल बराल |
| पतिको नाम : कुम्भराज तमाङ | पत्नी : जयन्तीकला पंगेनी बराल |

**ख.लिलामबिक्रीहुने सम्पत्तिको विवरणः**

**शिला बराल तमाङको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला पटिहानी गा.वि.स. वडा न २ (हाल भरतपुर महानगरपालिका २२, चितवन) नक्सा सिट नं. साविक २ ग, को कि.नं. २१८९ को क्षेत्रफल ३३८.६३ व.मी को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**सम्पूर्ण गोश्वारा पत्र** (Hypothecation) **तथा मौज्दात** (Stock) **र करार सम्पति** (Leasehold Asset)

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय रत्ननगर-०१, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुर**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, रत्ननगर-०१, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुरमा** सम्पर्क राख्न सकिनेछ ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56561258/560608
Fax: +977-56561670
www.ndbl.com.np, Info@ndbl.com.np